नेपाल सरकार

गृह मन्त्रालय

# अध्यागमन विभाग

## सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक यात्रा सम्बन्धी सार्वजनिक अनुरोध।

मितिः २०८२।५।१

नेपालको संविधान प्रदत्त नागरिकका मौलिक हक, व्यक्तिको मानवअधिकार, स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने अधिकार र मर्यादित रोजगारीका लागि सुरक्षित आप्रवासनका अधिकारको निर्वाध उपभोग गर्ने कार्यमा सहजीकरण गर्न नेपालको अध्यागमन प्रशासन पूर्णतः प्रतिबद्ध छ। राष्ट्रिय सुरक्षा, नागरिकको सुरक्षा एवं मुलुकको अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्वमा सम्झौता नहुने गरी पर्यटन प्रवर्द्धन र सहज आवागमनलाई अधिकतम सहजीकरण गर्नु अध्यागमन प्रशासनको मुख्य दायित्व हो। बदलिंदो आप्रवासनको प्रवृत्ति, मानव तस्करी तथा मानव बेचविखनका नवीन प्रवृत्ति एवं अभ्यासहरुलाई निरुत्साहित गर्ने तथा क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा विकसित घटनाक्रम र त्यसबाट उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीहरुलाई मध्यनजर गर्दै सीमा नियमनका आवश्यक रणनीतिहरु अवलम्बन गर्ने कुरामा अबको अध्यागमन प्रशासनको ध्यान केन्द्रित हुनुपर्दछ। राष्ट्रिय सुरक्षा र सीमा नियन्त्रणको शास्त्रीय मान्यताका अतिरिक्त श्रम तथा रोजगार, अन्तरदेशीय/अन्तर-महाद्विपीय आप्रवासन र पर्यटनका क्षेत्रमा भएको गुणात्मक तथा संख्यात्मक वृद्धि एवं अन्तरदेशीय अपराध र आतंकवादी गतिविधि नियन्त्रण जस्ता समसामयिक आयामहरूलाई समेत ध्यानमा राखी अध्यागमन प्रशासनलाई थप आयामिक, पारदर्शी, प्रविधि केन्द्रित, चुस्त र गतिशील बनाउँदै जाने विषयमा गृह मन्त्रालय र अध्यागमन विभागले गम्भीरतापूर्वक काम गरिरहेको अवस्था छ। त्यसै गरी अध्यागमन प्रक्रियामा हुन सक्ने कुनै पनि प्रकारका अनियमितता र भ्रष्टाचारप्रति विभागको "शून्य सहनशीलता" (Zero Tolerance) को नीति रहेको र यस कार्यमा सम्बद्ध सबैबाट रचनात्मक सल्लाह र सहयोगको अपेक्षा विभागले गरेको छ। श्रम वा अस्थायी र स्थायी आप्रवासन वा पर्यटनको उद्देश्य लिई अन्य मुलुकमा जाने प्रक्रियामा सम्बद्ध सम्पूर्ण व्यक्ति, निकाय तथा संस्थाहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

१. नागरिक तथा यात्रुहरुका लागि अनुरोध

- अध्यागमन प्रशासनले अनुमान, शंका र भौतिक हैसियतको तजविजी मुल्यांकनको आधारमा आफ्नै नागरिकहरुलाई विभेदपूर्ण व्यवहार गर्नुहुँदैन भन्ने कुरामा अध्यागमन विभाग प्रष्ट रहेको व्यहोरा जानकारी गराउँदछौं। सोही अनुरुप अध्यागमन प्रशासनले अव उप्रान्त पर्यटकीय प्रकृतिका भिसामा जाने कुनै पनि नेपाली नागरिकलाई कानुन बमोजिम अनुसन्धान गर्नुपर्ने विषय र तथ्यगत रुपमा

नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
२०४६

हुने विश्वास लिइएको छ।

## २. वायुसेवा कम्पनीहरूका लागि अनुरोध

- यात्रुहरूको सुरक्षित, मर्यादित र पारदर्शी आप्रवासन/यात्राको अधिकार सुनिश्चित गर्दै राष्ट्रिय सुरक्षामा कुनै सम्झौता नहुने गरी सबै यात्रुहरुलाई विमानको प्रस्थान समयभन्दा कम्तीमा १ (एक) घण्टा अगावै अध्यागमनको 'स्टेरेलाइज्ड एरिया' (Sterilized Area) मा अनिवार्य रूपमा पठाउन सबै वायुसेवा कम्पनीहरूलाई अनुरोध गरिन्छ। यसका लागि चेक-इन काउन्टर समयमै बन्द गर्ने व्यवस्था मिलाई अध्यागमन क्षेत्र र प्रक्रियामा अनावश्यक दबाब तथा असहज अवस्था नहुने गरी व्यवस्थापन गर्नुहुन अनुरोध गरिन्छ।
- कतिपय वायुसेवा कम्पनीहरुले अत्यधिक 'ओभरबुकिङ' (Overbooking) गर्ने, बोर्डिङ पास जारी गर्दा समेत नागरिकको हैसियतका आधारमा व्यवहार गर्ने भन्ने सूचना प्राप्त भएकाले त्यस्ता प्रकारका गतिविधिमा संलग्न नहुन/नगराउनुहुन, सबै वायुसेवा कम्पनीहरुले हवाई टिकट बुकिङ्ग गर्दा सिट क्षमता भन्दा बढी टिकट बुकिङ्ग (Overbooking) नगर्नुहुन र यस विषयमा सम्बन्धित वायुसेवा कम्पनी तथा General Sales Agent (GSA) का कर्मचारीहरुलाई सुसूचित तथा प्रशिक्षित गर्नु/गराउनु हुन अनुरोध छ। यस्ता क्रियाकलाप उपर विशेष निगरानी राखिएको छ। यदि यस्ता प्रकारका क्रियाकलापमा वायुसेवा कम्पनी वा कर्मचारीहरुको संलग्नता पाइएमा प्रचलित कानुन बमोजिम अनुसन्धान गरी कारवाही प्रक्रिया अगाडि बढाइनेछ र सोको विवरण सार्वजनिकीकरण गरिनेछ।
- कतिपय वायुसेवा कम्पनीहरुले टिकट काटेका यात्रुहरुलाई बोर्डिङ्ग पास नदिई (Check In नगरी) फिर्ता गर्दा समेत अध्यागमन कार्यालयबाट Offload गरेको भन्ने भ्रामक सूचना प्रचार हुने गरेकाले अब उप्रान्त कुनै पनि यात्रुलाई बोर्डिङ्ग पास उपलब्ध गराउन नसक्ने अवस्था भएमा सो को कारण खोली यात्रुहरुलाई लिखित रुपमा जानकारी दिने व्यवस्था मिलाउनुहुन अनुरोध गरिन्छ।

## ३. स्थानीय तह र जिल्ला प्रशासन कार्यालयहरुलाई अनुरोध

- सबै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयहरुले विदेश यात्रा गर्न खोज्ने सबै नागरिकहरुलाई दलाल र बिचौलियाको प्रलोभनबाट जोगाउनका लागि यो सूचना आम नागरिकसमक्ष सम्प्रेषण गर्न र अध्यागमनको नाममा पैसा उठाउने व्यक्ति वा समूहको बारेमा जानकारी प्राप्त भएमा अध्यागमन विभागमा जानकारी तथा समन्वय गरी जोखिममा रहेका समुहको पहिचान गर्न र यस्तो कार्यमा संलग्न व्यक्तिहरुलाई निगरानी तथा कारवाहीका लागि विशेष अभियान सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ।

## ४. आमसञ्चारका माध्यमहरुका लागि अनुरोध

- सबै आम सञ्चार माध्यमहरूलाई जिम्मेवारीपूर्वक यस विषयलाई व्यापक रुपमा जनमानसमा पुऱ्याउन र विदेश यात्रासम्बन्धी झुट्ठा विवरण, फर्जी कागजात र अध्यागमनको नाममा भइरहेका ठगी तथा रकम उठाउनेहरुप्रति नागरिकलाई सुसूचित गरी चनाखो बनाउन सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।